# एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७०/२/३१

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख "एकल महिला" भन्नाले आर्थिक दृष्टिले विपन्न देहायका महिला सम्झनु पर्छः—

(१) सम्वन्ध विच्छेद गरेकी महिला,

(२) विधवा,

(३) पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला,

(४) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला,

(५) अशंवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला ।

(ग) "कोष" भन्नाले नियम ३ बमोजिमको एकल महिला सुरक्षा कोष सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य—सचिवलाई समेत जनाउँछ ।

(च) "सदस्य—सचिव" भन्नाले समितिको सदस्य—सचिव सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. **कोषको स्थापनाः** (१) आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि एकल महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरिएकोछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः—

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

४. **कोषको उपयोगः** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः—

(क) एकल महिलालाई शिक्षा र सीपमूलक तालीम प्रदान गर्न,

(ख) एकल महिलाका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्न,

(ग) एकल महिलालाई औषधि उपचार गर्न,

(घ) एकल महिलालाई उद्धार गर्न, राहत दिन तथा पुनस्र्थापना गर्न,

(ङ) एकल महिलालाई कानूनी सहायता प्रदान गर्न,

(च) एकल महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न,

(छ) एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जन चेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,



नेपाल कानून आयोग

(झ) एकल महिलाको हक, हित संरक्षण र सम्वर्द्धनको लागि समितिले तोके बमोजिमको अन्य काम गर्न वा गराउन ।

५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

६. **समितिको गठन:** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः—

(क) मन्त्रालयको सचिव — अध्यक्ष

(ख) सहसचिव, [◘]शिक्षा मन्त्रालय — सदस्य

(ग) सहसचिव, [✦]कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय — सदस्य

(घ) सहसचिव, [◊]संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय —सदस्य

(ङ) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य

(च) महानिर्देशक, महिला तथा बालबालिका विभाग — सदस्य

(छ) प्रहरी नायव महानिरीक्षक, महिला तथा बालबालिका निर्देशनालय, प्रहरी प्रधान कार्यालय — सदस्य

(ज) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाहरुमध्ये समितिले तोकेको संस्थाबाट प्रतिनिधित्व हुने गरी कम्तीमा

---

◘ शिक्षा मन्त्रालयको नाम हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको ।

✦ कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको नाम हाल कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय रहेको ।

◊ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाम हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको ।

दुई जना महिला —सदस्य

(झ) मन्त्रालयको सहसचिव (महिला विषय हेर्ने) — सदस्य —सचिव

(३) उपनियम (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सदस्यबाट हटाउनु अघि मन्त्रालयले निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) कोषको रकम उपयोग गर्ने सम्बन्धमा वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने, गराउने,

(ग) एकल महिलालाई कोषको रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्ने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(च) एकल महिलाको पहिचान सम्बन्धी आवश्यक मापदण्ड निर्धारण गर्ने,

(छ) एकल महिला सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

८. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर अध्यक्षको अनुपस्थितिमा सदस्यहरुसँग परामर्श गरी सदस्य—सचिवले समितिको बैठक बोलाउन सक्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य—सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकतानुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सदस्य—सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कोषको प्रशासनिक खर्चः** समितिको प्रशासनिक खर्च मन्त्रालयको विनियोजित बजेटबाट व्यहोरिनेछ ।

१०. **खाताको सञ्चालनः** (१) कोषको रकम समितिले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन सदस्य—सचिव र मन्त्रालयको आर्थिक प्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

११. **कोषको लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

नेपाल कानून आयोग

(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१२. **रकम फ्रिज नहुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१३. **प्रतिवेदन पेश गर्ने:** (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिले वर्ष भरिमा सञ्चालन गरेको कार्यक्रम, विभिन्न स्रोतबाट प्राप्त रकम, एकल महिलाको लागि कार्यक्रम सञ्चालन गर्दा हुन गएको खर्च, गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्न सक्नेछ ।

१४. **बैठक भत्ता:** समितिका सदस्यले समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१५. **कोषको सचिवालय:** कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

१६. **अभिलेख राख्ने:** समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१७. **निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

नेपाल कानून आयोग

१८. **<u>अधिकार प्रत्यायोजनः</u>** समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य—सचिव वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **<u>कोष खारेज हुन सक्नेः</u>** (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा नेपाल सरकारले सो कोष खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नेपाल सरकारमा स्वतः हस्तान्तरण हुनेछ ।

नेपाल कानून आयोग